नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

कमलादी, काठमाण्डौ, नेपाल, फोन नं. ०१-५९७०३३३

को

ग्राहक महानुभावहरुलाई आफ्नो PAN No. तथा खाताको विवरण अद्यावधिक गर्ने बारेको अत्यन्त जरुरी सूचना

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२, सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ (संशोधन सहित), सम्पत्ति शुद्धिकरण निवारण नियमावली, २०८१ बमोजिम खातावाला ग्राहक तथा निजका हिताधिकारीका ग्राहक पहिचान विवरणहरु (जस्तै घर/कार्यालय, सम्पर्क ठेगाना/टेलिफोन, मोबाइल/कारोबार/पेशा/व्यवसाय/स्वामित्व संरचना/व्यवस्थापन, ल्याप्चे सहिछाप, राष्ट्रिय परिचयपत्र (NID) वा राष्ट्रिय परिचय नम्बर (NIN) लगायत अन्य) अद्यावधिक गर्नुपर्ने भएको हुँदा खातावाला ग्राहकहरुले यस अघि बुझाउन बाँकी कागजात तथा विवरण वा परिवर्तित थप विवरण आफ्नो खाता रहेको शाखा वा आफुलाई पायक पर्ने नेपाल एसबिआई बैंकको कुनै पनि शाखामा सम्पर्क गरी अद्यावधिक विवरण एवं कागजात बैंकमा पेश गराउन हुन अनुरोध गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन, २०८२ बमोजिम कुनै पनि संस्थागत खातावाला ग्राहकका साथै रु ५०,००,०००.०० (अक्षरुपी रुपैया पचास लाख) भन्दा बढीको मुद्दती निक्षेप खोल्ने प्राकृतिक व्यक्तिहरुले समेत खाता खोल्दा आफ्नो PAN No. अनिवार्य रुपमा बैंकमा उपलब्ध गराउनु पर्ने प्रावधान रहेको हुँदा यस अघि PAN No. बुझाउन बाँकी ग्राहकवर्गले आफ्नो खाता रहेको शाखा वा आफुलाई पायक पर्ने नेपाल एसबिआई बैंकको कुनै पनि शाखामा सम्पर्क गरी अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछौं ।

माथि उल्लेख गरे बमोजिम खातावाला ग्राहकहरुले ग्राहक पहिचान विवरण अद्यावधिक नगरेमा वा आवश्यक कागजात पेश नगरेमा खाताहरुको कारोबार रोक्का राख्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।